नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

# राजस्व अनुसन्धान विभाग

(Department of Revenue Investigation)

हरिहरभवन, पुल्चोक,ललितपुर

पत्र संख्या :- ०८१।०८२

चलानी नं.:-

मिति :-२०८२/०१/०२

ने.सं.११४५ चौलागा द्वितीया

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागबाट EURO ५००,२००,१०० र ५० दरको जम्मा १३,७५,१५०।-(अक्षेरपि तेह्र लाख पचहत्तर हजार एक सय पचास) र अमेरिकी डलर १०० र ५० दरको जम्मा ३,२०,८५०।-(अक्षेरपी तीन लाख बीस हजार आठ सय पचास) विदेशी मुद्रा अपचलन सम्बन्धी कसूरमा अनुसन्धान कार्य सम्पन्न भई मिति २०८२/०१/०२ गते श्री काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ।

मिति २०८१/१२/०४ गते जिल्ला काठमाडौं टोखा न.पा.वडा नं. २ झोरस्थित सडकमा टोखादेखि झोरतर्फ जाँदै गरेको प्रतिवादी कुसाङ लामाले चलाएको ना.७ ख १६५२ नं को कन्टेनर (ट्रक) फेला पारी खानतलासी गर्दा चालक बस्ने स्थानदेखि माथिको क्याविनमा फल्स वटम वनाई लुकाई राखेको अवस्थामा EURO ५००,२००,१०० र ५० दरको जम्मा १३,७५,१५०।-(अक्षेरपि तेह्र लाख पचहत्तर हजार एक सय पचास) र अमेरिकी डलर १०० र ५० दरको जम्मा ३,२०,८५०।-(अक्षेरपी तीन लाख बीस हजार आठ सय पचास) विदेशी मुद्राहरु बरामद गरी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकु,काठमाडौंको च.नं.१६४२६, मिति २०८१/१२/०५ को पत्रसहित थप अनुसन्धानको लागि यस विभागमा प्राप्त भएकोमा अनुसन्धानका क्रममा संकलित आधार प्रमाणबाट प्रतिवादीहरु कुसाङ लामा र नारायण पौडेल विरुद्ध विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३,४,५ र ९ को कसूरमा बरामदित विदेशी मुद्राहरुको मिति २०८१/१२/०४ गतेको नेपाल राष्ट्र बैंकले निर्धारण गरेको विदेशी विनिमय दर अनुसार हुन आउने नेपाली रुपैयाँ २५,३४,७८,८४२।-(अक्षेरपि पच्चीस करोड चौतीस लाख अठहत्तर हजार आठ सय बयालीस रुपैयाँ मात्र) विगो कायम गरी ऐ. ऐनको दफा १७ को उपदफा (१) बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ को उपदफा (९) बमोजिम थप सजाय हुन र प्रतिवादी कुसाङ लामालाई सुन चोरी पैठारी मुद्दामा श्री काठमाडौं जिल्ला अदालतबाट मिति २०७४/०३/२६ गते सजाय हुने ठहर भई निजले सजाय भुक्तान गरेको पाँच वर्षभित्र प्रस्तुत कसूर गरेको देखिँदा निजलाई मुलुकी अपराध संहिता,२०७४ को दफा ४४ (२) बमोजिम थप सजाय हुन,विदेशी विनिमय (नियमित गर्ने) ऐन,२०१९ को दफा १७ को उपदफा (१) बमोजिम बरामदित उक्त विदेशी मुद्राहरु जफत गरी पाउन,उक्त वारदातमा प्रयोग भएको ना ७ ख १६५२ नम्बरको कन्टेनर (ट्रक) कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७४ को दफा ११ बमोजिम जफतको मागदावी लिई मुद्दा दायर गरिएको छ।

साथै प्रस्तुत मुद्दाका प्रतिवादीमध्येका फरार प्रतिवादी नारायण पौडेलको हकमा अदालतबाटै कानुन बमोजिमको म्याद जारी गरिपाउन समेतको मागदावी लिइएको छ ।

२०८२/०१/०२

(कृष्ण कुमारी श्रेष्ठ)

प्रवक्ता/उपमहानिर्देशक



Scanned with CamScanner